त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

# नयाँ पाठ्यक्रम अनुसार स्नातकोत्तर (मास्टर्स) तह प्रथम खण्ड र पोष्ट ग्राजुएट डिप्लोमा इन ओमेन्स स्टडिज, काउन्सिलिङ्ग साइकोलोजि र बुद्धिष्ट स्टडिज समेतका परीक्षार्थीहरुका परीक्षा आवेदन फारम भर्ने सूचना ।

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा २०६६ सालको वार्षिक परीक्षा प्रणाली अनुरुप नयाँ पाठ्यक्रमानुसार स्नातकोत्तर तह प्रथम खण्डको मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र र कानून संकाय तर्फका नियमित तथा प्राईभेट (पुरा तथा आंशिक) र पोष्ट ग्राजुएट डिप्लोमा इन ओमेन्स स्टडिज, काउन्सिलिङ्ग साइकोलोजि र बुद्धिष्ट स्टडिज समेतका क्याम्पसका परीक्षार्थीहरुले आ–आफ्नो क्याम्पसमा र प्राइभेट परीक्षार्थीहरुले परीक्षा दिन पाउने मानविकी तर्फका (प्रयोगात्मक विषय बाहेक प. नि. का. ले तोकेका विषयमा मात्र) र एम.पि. ए. तर्फका परीक्षार्थीहरुले यस कार्यालयमा वा आफूलाई पायक पर्ने क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमा मिति २०६७ आषाढ ७ गतेसम्ममा परीक्षा आवेदन फारम भरी बुझाउन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) परीक्षा दिन पाइने योग्यता :

क) स्नातकोत्तर तहमा २०६१ सालमा प्रथम पटक प्रथम खण्डको परीक्षा आवेदन फारम भरेका वा परीक्षा दिनेहरुका लागि यो अन्तिम पटकको परीक्षा हुनेछ ।

ख) स्नातकोत्तर तह प्रथम खण्डको परीक्षामा सम्मिलित हुन नियमित तथा प्राइभेट परिक्षार्थीहरुले आफूले तल्लो तह पार गरेको वा परीक्षाको नतिजा प्रकाशित भएको मितिले न्यूनतम १० (दस) महिना पुरा नभई माथिल्लो तहको परीक्षामा सम्मिलित हुन पाउने छैनन् । सो नियम विपरित परीक्षामा सम्मिलित भएको पाइएमा त्यस्ता परीक्षार्थीहरुलाई मान्यता दिइने छैन ।

ग) पोष्ट ग्राजुएट डिप्लोमा तहमा २०६२ सालमा पहिलो पटक परीक्षा दिएका (फारम भरेका) र सो भन्दा पछिका विद्यार्थीले मात्र परीक्षा आवेदन फारम भर्न पाउने छन् ।

२) विषय छनौट सम्बन्धमा : परीक्षा आवेदन फारममा त्रि.वि. अन्तर्गतका नियमहरु तथा पाठ्यक्रमले तोके वमोजिमका विषयहरु मात्र भर्नु /भराउनु पर्नेछ र परीक्षा पनि सोही अनुसार दिनुपर्नेछ । यसमा अन्यथा हुन गइ परीक्षा रद्द भएमा वा ट्रान्सकृप्ट लिनबाट बञ्चित हुन गएमा परीक्षार्थी स्वयं वा क्याम्पस नै जिम्मेवार हुनु पर्नेछ ।

३) रजिष्ट्रेशनको अनिवार्यताः

क) परीक्षा आवेदन फारम भर्नु भन्दा अगाडि त्रि. वि. मा नाम रजिष्ट्रेशन गराई रजिष्ट्रेशन नं समेत फारममा अनिवार्य रुपले उल्लेख गर्नु पर्ने छ ।

ख) त्रि.वि.मा नाम दर्ता गर्न नियमित परीक्षार्थीहरुले आ–आ`नो क्याम्पस मार्फत र प्राईभेट परीक्षार्थीहरुले सोझै यस परीक्षा नियन्त्रण कार्यालयको रजिष्ट्रेशन शाखामा सम्पर्क राखी त्रि.वि.नाम दर्ता फारम भरि बुझाउनु पर्ने छ ।

ग) विदेशी बोर्ड वा अन्य विश्वविद्यालयबाट परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरुले लब्धाक्त पत्र, स्थायी वा अस्थायी प्रमाण पत्र, प्रवजन प्रमाणपत्र (माईग्रेशन सर्टिफिकेट) को सक्कल प्रति र अन्य प्रमाण–पत्रका प्रतिलिपि फारम साथै पेश गर्नुपर्ने छ ।

घ) त्रि.वि. रजिष्ट्रेशन गराउन बााकी भए यसै दफाको उपदफा क, ख र ग अनुसार त्रि. वि.मा नाम रजिष्ट्रेशन गराएर नियमित तथा प्राइभेट सम्पूर्ण परीक्षार्थीले परीक्षा फारममा त्रि.वि. रजिष्ट्रेशन नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

ङ.) त्रि.वि. रजिष्ट्रेशन फारम विद्यार्थी स्वयंले भर्नुपर्ने छ र बुझाउादा पनि आफैले बुझाउनु पर्नेछ । यसमा अन्यथा पर्न गएमा त्रि.वि.प.नि.का जवाफदेही हुनेछैन ।

४) प्राइभेट परीक्षार्थीहरुले याद गर्नु पर्ने कुराहरुः

क) स्नातकोत्तर तह प्रथम खण्डमा प्राईभेट परीक्षा दिन एम.पि.ए. तर्फका र मानविकी तर्फ प्रयोगात्मक परीक्षा हुने विषय बाहेक प.नि.का. ले तोकेका विषय र पत्रमा मात्र प्राइभेट परीक्षा दिन पाइनेछ ।

ख) प्राइभेट परीक्षार्थीहरुले आफूलाई पायक पर्ने निम्न लिखित त्रि.वि.प.नि.का.का क्षेत्रीय कार्यालयमा पनि सम्पर्क राखी परीक्षा आवेदन फारम बुझाउन सक्नेछन् ।

ग) स्नातकोत्तर तह प्रथम खण्डका आंशिक परीक्षा दिने परीक्षार्थीहरुका हकमा प्रथम खण्ड प्रथम पटक दिएको लब्धाक्त पत्र अनिवार्य रुपमा फारम साथै पेश गर्नु पर्नेछ ।

१. पूर्वाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय – स्नातकोत्तर क्याम्पस भवन, विराटनगर ।
२. पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय – पृथ्वीनारायण ब.क्याम्पस भवन, पोखरा ।
३. मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय – महेन्द्र ब. क्याम्पस भवन, नेपालगंज ।

५) क्याम्पसका परीक्षार्थीको परीक्षा आवेदन फारम क्याम्पसले यस कार्यालयमा बुझाउनु अगाडि अनिवार्य रुपमा ध्यान दिनु पर्ने कुराहरुः

क) विद्यार्थीले भरेका प्रत्येक परीक्षा आवेदन फारम र फोटोमा समेत पर्ने गरेर क्याम्पस प्रमुखले अनिवार्य रुपमा दस्तखत गर्नुपर्नेछ ।

ख) म्याद नाघी आएका परीक्षा आवेदन फारमहरुमा बिलम्ब शुल्क लाग्ने भएकोले तोकिएको म्याद भित्र आ–आफ्नो क्षेत्र अन्तर्गतको क्षे.प.नि.का.मा आइपुग्ने गरी अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

ग) परीक्षा आवेदन फारम बुझाउादा तह, वर्ष, आंशिक वा पूरा के हो छुट्टिने गरी सम्पूर्ण विद्यार्थी विवरण, विषयगत तथ्याक्त (Subject wise data) को CD मा कपि गरी (संकायगत) सो को प्रिन्ट समेत छुट्टाछुट्टै फाइल गरी यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

घ) परीक्षा आवेदन फारम पठाउादा सम्बन्धित क्याम्पसका परीक्षार्थीहरुबाट उठाइएका परीक्षा शुल्क, केन्द्र शुल्क, प्रयोगात्मक परीक्षा शुल्क र परीक्षा आवेदन फारम शुल्क आदिको कोलम बनाई रकम हिसाब गरी संकायगत र समूहगत रुपमा भिन्ना भिन्नै पत्रका साथ छुट्टाछुट्टै फाइल गरि पठाउनु पर्नेछ । अन्यथा परीक्षा फारम स्वीकृत हुने छैन ।

ङ) प्रयोगात्मक परीक्षा, फिल्ड वर्क आदि विषयहरुमा मात्र परीक्षा दिन बााकी भएका परीक्षार्थीहरुको पनि अनिवार्य रुपमा परीक्षा आवेदन फारम भराई पठाउनु पर्नेछ ।

च) आन्तरिक मूल्यांकन समूह र आन्तरिक मूल्यांकन नपर्ने समूहका परीक्षार्थीहरुको परीक्षा फारम छुट्टाछुटै फाईल गरी पठाउनुपर्नेछ । आन्तरिक मूल्यांकन समूहका परीक्षार्थीहरुको परीक्षा आवेदन फारममा अनिवार्य रुपमा आन्तरिक मूल्यांकन अंक उल्लेख गर्नुपर्नेछ । आन्तरिक मूल्यांकन अंक उल्लेख गर्नुपर्ने परीक्षा फारममा सो उल्लेख नगरी परीक्षा आवेदन फारम यस कार्यालयमा क्याम्पसले बुझाउन ल्याएमा त्यस्ता फारमहरु बुझ्ने छैन ।

छ) परीक्षा नियन्त्रण कार्यालयबाट प्रकाशित सूचनामा तोकिए बमोजिम समय सीमा भित्रै फारम बुझाउनु पर्नेछ ।

ज) तोकिए बमोजिमका आवश्यक योग्यता पुरा गरेका विद्यार्थीहरुको मात्र परीक्षा आवेदन फारम भराउनु पर्नेछ :
- तल्लो तहको विषय र विषय समूह अनुसार मिल्ने नमिल्ने राम्ररी ध्यान दिनु पर्नेछ ।

झ) परीक्षा आवेदन फारम भर्दा आवश्यक विवरणहरु ठीक–ठीकसाग उल्लेख भए नभएको राम्ररी हेर्नु पर्नेछ :
- त्रि.वि. दर्ता स्लिप अनुसार नाम भर्नु पर्नेछ ।
- परीक्षा दिनुपर्ने विषयहरु ठीकसाग भरेको हुनु पर्नेछ ।
- प्रयोगात्मक र सैद्धान्तिक विषय बेग्ला बेग्लै खुलेको हुनु पर्नेछ ।

ञ) बाह्य सुपरीवेक्षकलाई आंगिक क्याम्पसमा सुपरीवेक्षण गर्न जादा लाग्ने भ्रमण भत्ता, दैनिक भत्ता तथा वास खर्च सम्बन्धित क्याम्पसले नै व्यहोर्नु पर्नेछ ।

ट) सम्बन्धन प्राप्त क्याम्पसको सन्दर्भमा दैनिक भत्ता, भ्रमण भत्ता तथा वास खर्च लगायत आन्तरिक र बाह्य सुपरीवेक्षकलाई दिने सम्पूर्ण पारिश्रमिक सम्बन्धित क्याम्पसले नै व्यहोर्नु पर्नेछ ।

६) परीक्षा शुल्क : (स्नातकोत्तर तह र पोष्ट ग्राजुएट डिप्लोमा तहका लागि)

क. नियमित परीक्षार्थीका लागि प्रति खण्ड शुल्क (आंशिक तथा पूरा) रू. ५७०/–
ख. प्राइभेट परीक्षार्थीका लागि प्रति खण्डशुल्क (आंशिक तथा पूरा) रू. १०४०/–
ग. परीक्षा आवेदन फारम शुल्क............................................ रू. ५०/–
घ. परीक्षा केन्द्र शुल्क प्रति खण्ड ......................................... रू. ६०/–
ङ. प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि......................रू. १००/–
र सो भन्दा बढी विषयका लागि.............................................रू. २००/–

७) विलम्ब शुल्कः

क) समयमै परीक्षा आवेदन फारम बुझाउन नसकि छुट्न गएका विद्यार्थीहरुको छुट परीक्षा फारमहरु सम्बन्धित क्याम्पसहरुले नै संकलन गरी तोकिएको जरीवाना सहित समय सीमा भित्र आवश्यक प्रकृया पुर्‍याई एकै मुष्ट परीक्षा आवेदन फारम र रकम यस कार्यालयमा बुझाउनु पर्नेछ ।

ख) विलम्ब शुल्क–म्याद समाप्त भएको १ हप्तासम्म रू. २००/–, दोस्रो हप्तासम्म रू. ४००/– र तेस्रो हप्तासम्म रू. १,०००/– लाग्ने छ ।

८. परीक्षा शुल्क बुझाउने सम्बन्धमाः

क) काठमाडौं उपत्यका भित्रका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले त्रि. वि. कीर्तिपुर परिसर भित्र रहेको ग्लोबल बैंक लिमिटेडको आम्दानी खाता नं ०५०१०१०००००७६ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी सोको भौचर सहित परीक्षा फारम यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

ख) काठमाडौं उपत्यका बाहिरका क्याम्पस र प्राइभेट परीक्षार्थीहरुले कीर्तिपुर स्थित ग्लोबल बैंक लि. कीर्तिपुर शाखा बाट अथवा काठमाडौं उपत्यका भित्रका कुनै पनि बैक्तबाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा डिमाण्ड ड्राफ्ट बनाई फारम साथै पेश गर्नु पर्नेछ ।

ग) त्रि.वि.का आंगिक क्याम्पसहरुले मसलन्द खर्च स्वरुप प्रति परीक्षार्थी रू. १०।– पहिले नै कटाएर मात्र परीक्षा आवेदन फारम सम्बन्धी शुल्क यस कार्यालयमा बुझाउने गरेकोमा आगिन्दा सो रकम नकटाइ परीक्षा आवेदन फारम सम्बन्धी सम्पूर्ण शुल्क फारम साथै अनिवार्य रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ र उक्त मसलन्द रकम त्रि. वि. नियमानुसार तोकिएको समयभित्र फारम बुझाउन ल्याउने क्याम्पसहरुमा परीक्षा केन्द्र कायम भएमा सम्बन्धित क्याम्पसहरुले रकम माग गरे पछि प.नि.का. ले भुक्तानी दिनेछ ।

९) परीक्षा केन्द्रहरु

क) नियमित परीक्षार्थीहरुका लागि परीक्षा केन्द्र यस कार्यालयले तोके बमोजिम मात्र हुनेछ ।

ख) प्राइभेट परीक्षार्थीहरुका लागि निम्न लिखित परीक्षा केन्द्रहरु तोकिएका छन् । परीक्षा आवेदन फारम ती केन्द्रहरुबाट पनि निशुल्क प्राप्त गर्न सकिने छ । तर फारम सम्बन्धी सम्पूर्ण शुल्क फारम साथै यस कार्यालयमा बुझाउनु पर्ने छ ।

ग. प्राइभेट परीक्षार्थीहरुका लागि परीक्षा केन्द्रहरु :

१. काठमाडौं : प्राइभेट दिन मिल्ने सबै विषयका परीक्षाहरु ।
२. भद्रपुर : मानविकी तर्फ नेपाली र अर्थशास्त्र मात्र ।
३. धरान : मानविकी तर्फ अंग्रेजी मात्र ।
४. विराटनगर : मानविकी तर्फ राजनीतिशास्त्र, अर्थशास्त्र, नेपाली, इतिहास र संस्कृती मात्र ।
५. जनकपुर : मानविकी तर्फ राजनीतिशास्त्र, अंग्रेजी, अर्थशास्त्र, नेपाली र मैथिली मात्र ।
६. पोखरा : मानविकी तर्फ अर्थशास्त्र, नेपाली, अंग्रेजी, राजनीतिशास्त्र र इतिहास मात्र ।
७. पाल्पा : मानविकी तर्फ अर्थशास्त्र, नेपाली र अंग्रेजी मात्र ।
८. भरतपुर : मानविकी तर्फ अर्थशास्त्र र नेपाली मात्र ।
९. नेपालगंज : मानविकी तर्फ राजनीतिशास्त्र, नेपाली र अर्थशास्त्र मात्र ।
१०.दाङ:मानविकी तर्फ राजनीतिशास्त्र र अंग्रेजी मात्र ।
११.महेन्द्रनगर : मानविकी तर्फ राजनीतिशास्त्र मात्र ।

१०) क्याम्पसहरुले परीक्षा आवेदन फारम बुझाउने सम्बन्धमाः

क) मध्यमाञ्चल क्षेत्रका क्याम्पसहरुले सम्बन्धित परीक्षार्थीहरुको परीक्षा आवेदन फारम आवश्यक प्रक्रिया पुऱ्याइ २०६७ साल आषाढ १४ गते भित्र प. नि. का. बल्खुमा बुझाइ सक्नु पर्नेछ । अन्यथा विलम्ब शुल्क क्याम्पसहरुले नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

ख) सम्बन्धित क्षेत्रका क्याम्पसहरुले आ-आफ्ना क्षेत्रका क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालयमा सूचनामा तोकिए अनुसार सम्पूर्ण प्रक्रियाहरु पूरा गरी २०६७ साल आषाढ १४ गते भित्र परीक्षा आवेदन फारम बुझाउनु पर्नेछ ।

११) परीक्षा केन्द्र परिवर्तन सम्बन्धमाः
त्रि.वि. को निर्णयानुसार परीक्षा केन्द्र परिवर्तन सम्बन्धी प्रावधान हटाइएको छ ।

१२) परीक्षार्थीको फोटो सम्बन्धमाः

क) परीक्षा आवेदन फारम भर्नको लागि हाल सालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

ख) प्रवेशपत्र प्रतिलिपि लिनु परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नु पर्नेछ ।

१३) परीक्षा आवेदन फारम विद्यार्थी स्वयंले भरि बुझाउनु पर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का जवाफदेहि हुनेछैन ।

१४) परीक्षा दिन पाउने अवधि सम्बन्धमाः
त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्बाट पारित निर्णय नं. १२३ बमोजिम २ वर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीहरुले पहिलो पटक परीक्षामा सम्मिलित (परीक्षा फारम भरेको) भएको वर्षबाट ६ (छ) वर्ष भित्र र १ (एक) बर्षे शैक्षिक कार्यक्रमका विद्यार्थीहरुले ५ ( पाच) बर्ष भित्र पाठ्यक्रमले तह पुरा गर्न तोकेको सम्पूर्ण आवश्यकताहरु पुरा गरिसक्नु पर्नेछ ।

१५) त्रि.वि. बाट सम्बन्धन प्राप्त क्याम्पसहरुले त्रि.वि.लाई वार्षिक सेवा शुल्क बुझाउदा विद्यार्थी संख्याको अनुपात र बुझाएको शुल्क पुष्टि हुने विवरण सहित उक्त सेवा शुल्क बुझाएको भर्पाईको प्रतिलिपि परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१६) २०६५ पौष १४ गते बसेको त्रि.वि. सभाको बैठकबाट पारित भएबमोजिम "कुनै परीक्षार्थी दृष्टिविहीन, सुस्त मनस्थिति भएका वा हात सम्बन्धी गम्भिर रोगको कारणले गर्दा हातले लेख्न नसक्ने प्रमाणित भै नियम २६७ बमोजिम सहयोगी लेखकद्धारा परीक्षा दिने भएमा आधिकारीक निकायबाट दिईएको अपाËता परिचय पत्र वा चिकित्सकद्वारा प्रमाणित पत्रको आधारमा १०० पूर्णाक्तको लागी १ घण्टा र सो भन्दा घटी पूर्णाक्तको लागि आधा घण्टा समयावधि थप गरिनेछ ।"

द्रष्टव्यः

१. एयर डकुमेन्ट, हुलाक वा कुरीयरद्वारा पठाइएका फारमहरु यस कार्यालयले कुनै पनि हालतमा बुझ्ने छैन ।
२. उपरोक्तानुसारका परीक्षा आगामी २०६७ भाद्र महिनामा सञ्चालन हुनेछ । अतः निर्धारीत समयमा नै परीक्षा संचालन हुने भएकोले क्याम्पस तथा सम्बन्धित परीक्षार्थीहरुले तोकेको म्यादभित्रै अनिवार्य रुपमा परीक्षा आवेदन फारम यस कार्यालयमा बुझाउनु हुन विशेष अनुरोध छ ।

नोटः यो सूचना त्रि.वि.प.नि.का. को website: www.tuexam.edu.np मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक